# भक्तपुरको बिस्कंट् जात्रा र यसको प्रागैतिहासिक महत्त्व

—केदारनाथ प्रधान

## १. विषय–प्रवेश

नेपालमा आदिवासी मानिने विभिन्न जनजाति, तिनको भाषा, धर्म, परम्परा, संस्कृति, रहन–सहन र चाड–पर्वबारे वैज्ञानिक दृष्टिकोणले अध्ययन र विश्लेषण गर्नसकेको खण्डमा नेपालको प्रागैतिहासिक समाज र तत्कालीन जनजीवनबारे धेरै तथ्यहरू प्रकाशमा आउनसक्ने सम्भावना रहेको छ । आजसम्म नेपालका जनजातिबारे जेजति अध्ययन भएको छ, त्यसबाट मुख्यतया अनुश्रुतिहरूको वर्णन गरी सतहीरूपमा मात्र प्रकाश पार्नसकेको छ । यस्तो अध्ययन प्रागैतिहासिक एवं समग्ररूपमा नृतात्त्विक दृष्टिले पनि भएको पाइएको छैन । त्यसैले नेपालको प्रागैतिहासिक समाज र जनजीवनबारे बुझ्नको निमित्त वैज्ञानिक दृष्टिकोणको आधारमा नयाँ ढङ्गले खोज र अनुसन्धान हुनु जरूरी छ र यसलाई प्रागैतिहासिक खोज र अनुसन्धानसित जोडेर अघि बढ्नुपर्ने देखिन्छ (प्रधान १९८७: ८) ।

नेपालको प्राग् इतिहास एवं प्राचीनकालको इतिहास मात्र होइन, मध्यकाल र आधुनिककालका कतिपय प्रश्नहरूको सम्बन्धमा निक्योल गर्न किंवदन्ती र अनुश्रुतिहरूको आधारमा लेखिएको पुराण, महात्म्य र वंशावलीको आधारलाई लिनुपर्ने स्थिति नेपाली इतिहास-जगत्मा विद्यमान रहेको छ । यस्तो आधारलाई विश्वास गर्न नसकिने भन्दै तिनकै आधारमा विदेशी लेखकहरूमात्र होइन, नेपालका लेखकहरूले पनि नेपालको इतिहास लेख्न पुगेका छन् (प्रधान १९८५: १७) । नेपालका वंशावलीहरू देशमा प्रचलित भावनामूलक अलौकिकताको कल्पनादेखि स्वतन्त्र छैनन्, तर नेपालको प्राचीन इतिहास लाचारीसाथ वंशावलीकै भनाइको गज्याङ मज्याङउपर ऐतिहासिक साधनद्वारा विचार गरी बाटो बनाउनु पर्दछ भन्ने विचार (शर्मा १९५१: ४२ र ५७) र वंशावलीको कथालाई विश्वास नगरेर पनि पौराणिककालको वर्णन परम्पराको निर्वाहको रूपमा (भण्डारी १९७०: २०) गरिएको विचार प्रकट गरेको पाइन्छ ।

यता केही समयदेखि अनुश्रुतिका सही र गलत पक्षबारे चर्चा गर्नथालेको र नेपालका इतिहासकारहरूका बीच तिनको विश्लेषण वैज्ञानिक ढङ्गले गर्नुपर्ने (प्रधान १९८५: १७–१९) चर्चा पनि हुनथालेको छ, तर अधिकांशले अनुश्रुतिहरू बनेका समयकालतिरको समाजको अवशेष पाइनसक्ने सम्भावनालाई छोडी तिनमा परेका पौराणिक प्रभावको कारण आ-आफ्ना भावना वा पाठकको भावनालाई आघात पर्ने आशङ्काले वैज्ञानिक ढङ्गको प्रयत्न भने कम पाइएको छ र हामीकहाँ यस्ता अनौठा कथा र परम्परा रहेको धाक भने जनाएको अनुभव हुन्छ । अनुश्रुतिहरूमा रहेका प्रागैतिहासिक अवशेषबारे धेरै नै कम व्यक्तिहरूबाट मात्र प्रयास भएका छन्, जसको

परिणामस्वरूप नेपालको इतिहास, सभ्यता र संस्कृतिका निर्माता नेपालका मानव नभै वंशावली अनुसार उत्तरबाट आएका मङ्गोल वा मञ्जुश्री र दक्षिणबाट आएका आर्य वा 'ने' मुनि भन्ने प्रभाव अथवा 'नेपालको बस्ती चीन या भारतले बसाएको औपनिवेशिक बस्ती' (श्रेष्ठ १९८२: ७) भनी मान्नु पर्ने हुन्छ।

हालसम्म नेपालमा ३–४ हजार वर्षअघिका मात्र होइन कम्तीमा पनि ५ लाख वर्षभन्दा अघिका प्राग् मानवका अवशेष (वर्दिया–दानवतालको छेउ; १९६६–६७), करीब २ लाख वर्षअघिका (नवलपरासी–कोटटाँडी; १९६८–६९ र १९७८), करीब ३२ हजार वर्षअघिका (काठमाडौंको बूढानीलकण्ठ; १९७८) र त्यसपछि नेपालको पूर्व-पश्चिम, उत्तर-दक्षिण, हिमालयको फेदी, पहाडी उपत्यका, भित्री मधेश र तराईका विभिन्न भागमा १० हजार वर्षयताका प्राग् मानवका अवशेषहरू निक्कै नै पाइएका छन्। ती मानव हालसम्म नेपाली इतिहास, सभ्यता र संस्कृतिका आरम्भकर्ता भनी बौद्धिक जगत्मा समेत देखिएका वा मानिएका 'ने' मुनि वा मञ्जुश्रीभन्दा हजारौं र लाखौं वर्षअघिका हुन्। यस्तो प्रामाणिक आवशेष पाइए तापनि प्राग् मानवका अस्थि–अवशेषहरू नपाइएकोले यहाँ प्रचलित रहेका चाड-पर्व, परम्परा, अनुश्रुति आदिबारे वैज्ञानिक दृष्टिकोणको आधारमा विश्लेषण गर्न सकेमा नेपालको प्राग् इतिहास-बारे धेरै नै प्रकाश पर्नसक्ने सम्भावना रहेको छ।

प्रस्तुत लेखमा भक्तपुरको बिस्केट्जात्राबारे माथि उल्लेख गरिएअनुसार चर्चा गर्ने प्रयत्न गरिएको छ। यसमा अनुश्रुति र जात्राबारे सामान्य उल्लेख मात्र गरी तिनमा रहेका हुनसक्ने प्रागैतिहासिक अवशेषबारे विशेष चर्चा गरी तिनको प्रागैतिहासिक महत्त्वबारे चर्चा गर्ने प्रयत्न गरिएको छ। सम्भव भएसम्म जात्राको सामान्य चर्चा र यसको ऐतिहासिकता एवं पूर्व अध्ययनबारे संक्षिप्त रूपमा भए पनि चर्चा गर्ने प्रयत्न गरिनेछ। यसरी प्रस्तुत लेख बिस्केट् जात्रासम्बन्धी पूर्ण र समग्र लेख हुने छैन र यसलाई मुख्यतया प्रागैतिहासिक दृष्टिले चर्चा सीमित गरिनेछ।

प्रस्तुत लेख तयार पार्न सन्दर्भ ग्रन्थ–सूचीमा दिइएका पुस्तक वा लेखहरूका लेखक र यी पंक्तिका लेखकलाई विभिन्न सुझाव र जानकारी दिने व्यक्तिहरूबाट सहयोग लिइएकोछ। लेखक ती सबैप्रति आभारी रहेको छ।

## २. पूर्व अध्ययन

भक्तपुरको बिस्केट् जात्राको सम्बन्धमा नेपालको संस्कृति, चाड-पर्व र इतिहाससम्बन्धी पुस्तकहरू र अन्य फुटकर लेख–रचनाहरूमा चर्चा गरिएकोछ। मेडियभल् नेपाल, भाग २ (रेग्मी १९६६: ६४९–५२), 'नेपाली चाड-पर्व'(जोशी १९८२: ७५-७७), 'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन'(मुनंकर्मी १९८४: २९०-९३), 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास' (ज्ञवाली १९६२) र इतिहाससम्बन्धी अन्य स्वदेश र विदेशका लेखकहरूका पुस्तकहरूमा पनि चर्चा गरिएको पाइएको छ, तर अधिकांश रचनाहरूमा जात्राबारे सामान्य चर्चा गरी यसको उत्पत्तिको सम्बन्धमा भक्तपुरका स्थानीय वासिन्दामा प्रचलित र वंशावलीहरूमा उल्लेख भएअनुसार वर्णन गरिएको छ। जात्राको परिचय सहित यसको ऐतिहासिकताबारे उल्लेख गरे तापनि तिनमा रहेका प्रागैतिहासिक अवशेषबारे चर्चा गरिएको छैन। बिस्केट् जात्रामा रहेको प्रागैतिहासिक अवशेषबारे सम्भवतः सर्व-प्रथम निरीश नेपालको आफ्नो रचना 'अ पीप् इन्टु आवर पास्ट्' (A Peep into our Past; Rolamba Vol 2 No. 3–4; 1982) को दोस्रो र तेस्रो माला (Seris) मा भक्तपुर मातृप्रधान समाजको प्रमुख केन्द्र (Stronghold 2/4: 29) भनी प्रागैतिहासिक एवं वैज्ञानिक दृष्टिकोणको आधारमा चर्चा गरेका छन्। पछि निरीश नेपाल र यी पंक्तिका लेखकसित भएको कुराकानी र छलफलको आधारमा हरिराम जोशीले नागजाति सम्बन्धी रचना- 'दि नाग ट्राइब्स्' (The Naga Tribes; Rolamba, Vol 3 No. 1; 1983: 14–21) मा बिस्केट् जात्राले नेपालमा मातृप्रधान समाजको अन्त्य र पितृप्रधान समाजको उदयबारे स्पष्ट गरी इंगित गरेको (पूर्वोक्त: १५–१६) छ भन्ने राय प्रकट गरेका छन्, नर उनले यससम्बन्धी जानकारीको स्रोतबारे उल्लेख गरेका छैनन् र 'रोलम्बा'कै पूर्व

अङ्कहरूमा प्रकाशित निरीश नेपालको पूर्वोक्त रचना र अरू लेखकका रचनाहरूबारे उल्लेखसमेत नगरी आफ्नो रचनालाई मौलिकजस्तो रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । यी पंक्तिका लेखकका रचनाहरू– 'नेपाली इतिहास लेखनबारे'(१९८५: १७-१९), 'नेपालको प्राग् इतिहासका स्रोतहरू' (वर्तमान नेपाल ३।४; १९८७: १-११) र र 'नौलो नेपाल परिचय' (१९८९: ३९ र ५८)मा पनि उल्लेख गरिएको छ । अर्को अप्रकाशित पुस्तिका 'नेपालको नागदह र नेपाली नागजाति' मा यसबारे विस्तृत चर्चा गरिएको छ ।

## ३. बिस्केट् जात्रा र यसको ऐतिहासिकता

### ३.१ बिस्केट् जात्राको परिचय

'बिस्केट्' शब्द नेपाली शब्द हो र यो नेवारी शब्द 'बि सि खात'[1] को अपभ्रंश 'बिस्काट'को पछिल्लो रूप हो । भक्तपुरका बासिन्दाहरू यस जात्रालाई 'बि सिकाया जात्रा' (सर्प मारिएको उपलक्ष्यमा गरिने जात्रा) वा 'बिसिका' (बि=सर्प, सिका=मरेपछि; जोशी १९८२: ७५) भन्ने गर्दछन् । यी अर्थ नै प्राप्त, भनाइ-हरूमध्ये, सबैभन्दा बढी सही र सार्थक रहेको अनुमान हुन्छ । 'बि सिकाया जात्रा' को शुरू अपभ्रंश 'बिस्का जात्रा' हुँदै नेवारीमा 'बि सिका' र बिस्का' र नेपालीमा बिस्काट् र पछि 'बिस्केट्' हुन गएको जस्तो अनुमान पनि हुन्छ । 'बिस्यात' (लामो काठको लिङ्गो), 'बिसिख्याट' (सर्प भएको लिङ्गो) पनि भन्दछन् भन्दै तर कसै–कसैले 'बिस्केट्' चाहिँ 'बि सिका' शब्दहरूको अपभ्रंश हो (पूर्वोक्त) र कसैले यो साहित्यिक अर्थले विश्व–झण्डा (The banner of the world – Visvaketu) को अपभ्रंश हो (रेग्मी १९६६: ६५०) भनी राय व्यक्त गरेका छन् । धूलिखेलका बासिन्दाहरू यसलाई 'बिख्या' भन्ने गर्दछन् ।

बिस्केट् जात्रामा भक्तपुरको योसिंख्यः (लिंगो उभ्याउने चउर)[2] भन्ने ठाउँमा उभ्याउने लिंगो राखिएको हुन्छ । वर्षको अन्तिम दिन अथवा चैत्र मसान्तको दिन टौमढीटोल (पाँचतल्ले – न्यातपोल मन्दिर रहेको टोल) मा राखिने खट्, जसलाई अचेल 'भाजं खःचा' भन्ने गरिन्छ, मा नाग वा अजिंगर वा सर्प दम्पतीको प्रतीक-स्वरूप चित्र कोरिएको 'हलिपतः' (हरियो पताका वा ध्वजा दुइवटा) लिंगोमा झुण्ड्याई लिंगोलाई उभ्याइन्छ । यही बेला 'चुपिग' (त्रिवेणी खोला) मा जातुहरू नाग दम्पतीको मलामीमा गएबापत पर्ने आशौचबाट, मुक्त हुन निम्न भजन वा गीतका पंक्ति गाई– "यसि ख्यःले यसि थाने, चुपिगाले मोल ल्हुय्, भैरव दर्शन याय्"– भनी स्नान गर्ने वा मुख धुने वा आँखामा पानी हाली पखाल्ने[3] गर्दछन् । यसिख्यमा नाग दम्पतीको 'हलिपतः' पुऱ्याउनु-अघि दुमाजु (भद्रकाली) र त्यसपछि भैरवको रथ लगिन्छ[4] । यी दुवै रथको मूर्तिलाई रथबाट झिकी यसिख्यःको पाटीमा राखिन्छ र त्यसपछि टौमढीटोलबाट ल्याइएका 'हलिपतः' झुण्ड्याई लिंगोलाई उभ्याउने काम गरिन्छ । शुरूमा भैरव र कालीको रथयात्रा हुँदैनथ्यो र भैरवको अनुश्रुतिअनुसार तिनको टाउको काटिई मूर्ति स्थापना गरिएपछि कालान्तरमा यस घटनालाई पनि बिस्केट् जात्रामा समावेश गरिएपछि रथयात्रालाई बिस्केट् जात्रासित जोडेका हुनसक्ने अनुमान हुन्छ । भक्तपुरमा यसपछि वैशाख १ गते वाराहीको

---

१. अनुश्रुतिअनुसार सर्प मारिएर सार्वजनिक जानकारीको लागि झुण्ड्याएर राखिएपछि स्थानीय बासिन्दा हेर्नको लागि 'बि सि खात' (मारिएका सर्प झुण्ड्याइए) भनी हेर्न गएकोलाई नै पछि जात्राको रूपमा प्रचलनमा ल्याइएको हो । लेखकले यो जानकारी भक्तपुरका पुरोहित ध्रुवराज राजोपाध्यायबाट पाएको हो ।

२. भक्तपुरको दक्षिण–पूर्वी कोणमा यो स्थान रहेको छ ।

३. नेपालको, खासगरी, नेवार जनजातिमा मलामी गएका र मलामी हेर्नेले समेत आफ्नो घर पस्नुअघि सके नुहाउने र नसके मुख धुने वा आँखा पखाल्ने (मिखा गियगु) परम्परा अझै प्रचलनमा रहेको पाइन्छ ।

४. काशीबाट जात्रा हेर्न मानवको रूप लिई आएको भनिने भैरवको मूर्तिको आकृति मानवको जस्तो नै रहेको छ; तर अन्य भैरवको रूप फरक रहेको छ ।

रथयात्रा आरम्भ भई सबै अष्टमातृका र गणेशसमेतको रथयात्रा गर्ने चलन छ। वैशाख ३ गतेसम्म सबै देवी–देवताको रथयात्रा भई वैशाख ४ गतेका दिन देवीहरूको 'द्यःछें' (देवी-देवताको मूलघर) मा सगुन दिई सम्पूर्ण जात्रा सकिने परम्परा रहेको छ। अष्टमातृकाहरूको आ–आफ्ना अलग–अलग इलाका हुने हुनाले टोल–टोलको चाडमा समयकालको एकरूपता रहँदैन र केवल चैत्र मसान्तको दिनमा मात्र र वाराहीको यात्राको सम्बन्धित टोल विशेषको विशेष चाडलाई छोडी वैशाख १ गतेको दिन भक्तपुरका सम्पूर्ण बासिन्दाले सामूहिक रूपमा चाड मान्ने प्रचलन रहेको छ।

लिङ्गो उभ्याउने परम्परा भक्तपुरबाहेक काभ्रेपलाञ्चोकको साँगा र श्रीखण्डपुरमा पनि रहेको छ, तर नाग दम्पतीको पताका झुण्ड्याउने प्रचलन भने पाइँदैन। साँगामा लिङ्गो उभ्याउनुको साथै गणेशको रथयात्रा र नासिका भगवतीको पूजा–आराधना गर्ने गरिन्छ[5] भने श्रीखण्डपुरमा श्वेत भैरव एवं धनलक्ष्मी भगवतीको रथयात्रा हुने गर्दछ[6]। धूलिखेल र चौकोटमा पनि त्यहाँका बासिन्दाले बिस्केट्लाई विशेष चाडको रूपमा मान्दछन्। चौकोटमा गणेशको रथयात्रा हुने गर्दछ[7] भने धूलिखेलमा त्यस्तो कुनै रथयात्रा हुँदैन। बनेपामा करीब १०० वर्षअघिसम्म बनेपाको पश्चिम–दक्षिण कोणको स्थान (हालको श्मशान रहेको ठाउँ) मा लिङ्गो उभ्याउने र संगै रहेको खोला (पश्चिम जनगालबाट बगी आएको– यसैलाई चूपिंगः भन्ने गरिन्छ) मा नुहाउने प्रचलन रहेको थियो[8]। बनेपाको यो परम्परा सम्भवतः चौधौं शताब्दीतिर ठूलो भूकम्प आउनुको कारण बनेपा सातगाउँ मासिएपछि आनन्ददेवको समयमा भग्न बस्तीहरूको पुनर्निर्माण भएपछि भक्तपुरका बासिन्दाहरू यता आई बस्न थालेपछि प्रारम्भ भएको हुनसक्छ। बनेपामा दछुटोलका बासिन्दालाई भक्तपुरबाट आई बसेका भनी मानिन्छ र बिस्केट्लाई यसै टोलका बासिन्दाले मात्र मान्ने गरेबाट सो कुराको पुष्टि हुन्छ, तर बिस्केट्को समयमा यहाँ कुनै रथयात्राको प्रचलन भने थिएन।

### ३.२. बिस्केट् जात्राको ऐतिहासिकता

भक्तपुरको विस्केट् जात्रा कहिलेदेखि प्रारम्भ भयो भन्नेबारे हालसम्म यकीन हुनसकेको छैन (पूर्वोक्तः ६५२)। कुनै अनुश्रुतिले लिच्छविकालीन र कुनै प्रमाणले विक्रम संवत्को प्रारम्भदेखि बिस्केट् जात्राको प्रारम्भ भएको हुनसक्ने देखिन्छ, तर यसबारे अलि विस्तारपूर्वक चर्चा गर्ने प्रयत्न गरिन्छ।

तल उल्लेख गरिएको पहिलो अनुश्रुति अनुसार 'पूर्वतिरबाट भक्तपुरमा किरातहरूले आक्रमण गरेको वा गर्नलागेको' भन्ने उल्लेखले यस जात्रालाई उपत्यकामा किरातहरूको शासन कायम हुनुभन्दा अघिको जस्तो अनुमान हुन्छ, तर सोही अनुश्रुतिमा 'लिच्छविशासक शिवदेव द्वितीय'को उल्लेखले घटनाको समयकाल लिच्छविकालको उत्तरार्द्धको प्रारम्भतिर (पूर्वतिर धपिएका वा रहेका किरातहरूले आक्रमण गरेका हुनसक्ने सम्भावित अनुमान गर्नुपर्ने हुन्छ) भनी मान्नु पर्ने जस्तो देखिन्छ। जात्रासम्बन्धी अर्को अनुश्रुतिमा परापूर्वकालको कुनै राजाको छोरीको घोषित विवाहको आधारमा 'राजा' शब्दले आधुनिक अर्थको राजा मान्ने हो भने प्राचीनकालभन्दा पूर्व पुऱ्याउन सकिँदैन, तर 'राजा' शब्दको पौराणिक अर्थअनुसार 'सबैले मनपराएको' वा 'सबैलाई रिझाउन सक्ने' वा 'सबैले चुनेको' रूपमा समाजको नायकलाई सम्बोधन गरिने शब्द भनी मान्दा

---

५. लेखकले यो जानकारी साँगाका प्रधानपञ्च माधवनारायण जोशीबाट प्राप्त गरेको हो।

६. लेखकले यो जानकारी श्रीखण्डपुरका समाजसेवी विश्वलाल प्रधानांगबाट प्राप्त गरेको हो।

७. लेखकले यो जानकारी चौकोटका शिक्षक दलबहादुर श्रेष्ठबाट प्राप्त गरेको हो।

८. लेखकले यसको जानकारी बनेपाका कर्मकाण्डका ज्ञाता विकुलाल कर्माचार्य (स्व.), धार्मिक कार्यका ज्ञाता गणेशदास प्रधान (स्व.) र तन्त्र एवं संस्कृतिका ज्ञाता मोहनलाल खिं मानन्धरसंग कुराकानी गर्दा प्राप्त गरेको हो।

यो आदि इतिहासकालीन[९] वा नेपाली सन्दर्भमा पौराणिक वा अनुश्रुतिको काल भनी मान्नु पर्ने अनुमान हुन्छ । विवाहमा राजाको घोषणाको उल्लेखले पितृप्रधान समाजकालीन देखिन्छ र दोस्रो अनुश्रुति अनुसार सर्प मार्ने व्यक्तिलाई एउटी बूढीले 'गुप्त' कुरा र कालीको मुख्य हतियार भनी मानिने 'खड्ग' को प्राप्ति स्रोतबारे बताएकी भन्ने उल्लेखले त्यसबेला मातृप्रधान समाजको अन्त्य भैसकेको र नयाँ पितृप्रधान व्यवस्थाको विरुद्ध कतै–कतै मातृप्रधान व्यवस्थाका पक्षपातीहरूको संघर्ष हुँदैगरेको समयकाल भनी अनुमान गर्नु पर्ने हुन्छ । नेपालमा प्रचलित चाड–पर्वहरूमा पनौतीको ब्रह्मायणी जात्रामा अन्तर्पुस्ता (बाबु–छोरी, आमा–छोरा) बीचको यौन–सम्बन्धको मान्यतासम्बन्धी विवाद, बनेपाको चण्डेश्वरी जात्रामा एकनिष्ठ विवाहसम्बन्धी आभास र काठमाडौं उपत्यकाका विभिन्न देवीहरूको जात्रामा पनि मातृप्रधान वा पितृप्रधान समाजकालीन सामाजिक स्थितिबारे प्रकाश पारेको देखिन्छ । यसरी विचार गर्दा विधिवत् वा मनोरञ्जनपूर्ण चाडको रूपमा पछि मात्र थालनी भए तापनि जात्राको मुख्य थालनी आदि इतिहासकालमै भएको अनुमान हुन्छ ।

जात्रासम्बन्धी एउटा (सम्भवतः अर्को) अनुश्रुति-अनुसार विस्केट् जात्रा नाग दम्पतीको 'स्मृति दिवस' हो र यसलाई शिवदेवले चलाएका हुन् (जोशी १९८२: ७६) भनी भने तापनि यसलाई कति वर्ष पुरानो हो भन्ने आधार नभएको (रेग्मी १९६६: ६५२) भनी बताएको पाइन्छ । रेग्मीले नै सोह्रौं शताब्दीमा भक्तपुरका अभिलेखहरूमा शक् र नेपाल संवत्संगै विक्रम संवत्को प्रयोग भएको (पूर्वोक्त: ६५०) उल्लेख गरी विक्रम संवत्को अन्तिम दिन र अर्को (नयाँ) संवत्को पहिलो दिन जात्रा हुने-गरेको आधारमा सोही उपलक्ष्यमा मान्ने गरेको हो भन्ने राय व्यक्त गरेका अनुमान हुन्छ, तर उनले आफूसंग रहेको भनी उल्लेख गरेका संस्कृत वंशावलीको[१०] आधारमा भक्तपुरका राजा विश्वमल्लको समयमा नयाँ वर्षको यो जात्रा शुरू भएको (पूर्वोक्तः ६५२) भनी उल्लेख गरेका छन् । उनले ने. सं. ८०८ को भक्तपुरको एउटा अभिलेखमा उल्लेख भएको (पूर्वोक्त) र एउटा अर्को अनुश्रुतिअनुसार भक्तपुरका राजा जगज्योतिर्मल्लको समयमा बिस्केट् जात्रा हेर्न आएका काशीका विश्वनाथको मानव रूपको टाउको काटिएपछि आकाश भैरवको नामले मन्दिर बनेको र सो भक्तपुरको टौमढीटोलमा प्रख्यात रहेको (पूर्वोक्तः ६५०) भनी उल्लेख गरेका छन् । साथै उनका अनुसार पछिल्ला वंशावलीमा बिस्केट् जात्राको समयमा भक्तपुर र उपत्यकाका अन्य भेगका जात्रुहरू बीच (भूपतीन्द्रमल्लको समयमा) झगडा भएको (पूर्वोक्तः ६५२) भनी उल्लेख गरेका छन् ।

माथि गरिएको चर्चाबाट बिस्केट् जात्राको प्रारम्भिक रूपको थालनी आदि इतिहासकालमा भएको, अलि व्यवस्थित ढङ्गले जात्राको प्रचलन लिच्छविकालमा र पूर्ण व्यवस्था र भैरव र कालीको रथयात्रा समेत समावेश गर्ने कार्य मध्यकालको उत्तरार्द्धताका भएको हुनसक्ने अनुमान हुन आउँछ । हाललाई अरू अध्ययन र अनुसन्धान हुन नसकेसम्म बिस्केट् जात्राको उत्पत्ति वा ऐतिहासिकताबारे यस्तो अनुमान गरिएको छ ।

## ४. बिस्केट् जात्रासम्बन्धी अनुश्रुति

समाजमा प्रत्येक चाड, जात्रा, परम्परा समाजमा घटेका कुनै न कुनै घटनासित सम्बन्धित हुन्छन् । मानवले फेरि–फेरि सम्झना योग्य रहेका घटनाहरूलाई लिएर विभिन्न चाड र परम्पराको थालनी गरेका हुन्छन्, यसैले संस्कृतिलाई मानव–निर्मित वातावरणको

---

९ करीब ६ हजार वर्षअघि लिपिको प्रादुर्भाव भएपछि र ऐतिहासिककालभन्दा अघिको इतिहास लिपिबद्ध भैनसकेको काललाई आदि इतिहासकाल भन्ने गरिन्छ ।

१० रेग्मीले वंशावलीको स्रोत दिए तापनि चर्चासित सम्बन्धित अंशको उद्धृत नगर्नु र वंशावली–लेखनको समयकालबारे पनि उल्लेख नगर्नाले उनका तर्कहरूबारे यकीन गर्न कठीन देखिन्छ ।

अङ्ग[11] (हर्स् कोविज् १९७४: ३०५) भनी मानिन्छ । सम्झना योग्य घटनाहरूले कथाको पनि रूप लिएको हुन्छ, जसलाई किंवदन्ती, लोककथा र दन्त्यकथा पनि भन्ने गरिन्छ । यस्ता कथाहरू पुस्ता दर पुस्ता सुनाउँदै–सुनिंदै जाँदा अनेक कल्पना वा आवरण जोडिंदै जान्छ र त्यसमाथि धार्मिक वा पौराणिक प्रभाव पनि मिसिएपछि कथाको रूप कठीन हुँदै विश्वास गर्नसमेत नसकिने जस्तो अवस्थामा पुग्नसक्छ । परिणामस्वरूप एउटै कथाको पनि स्थानगत र जातिगत भेदले एकभन्दा बढी रूप पनि देखिनसक्छ । ठीक यस्तै, भक्तपुर जात्राको उत्पत्तिसित जोडिएको अनुश्रुतिमा केही अंशमा मेल खाए तापनि अधिकांश मिलेको छैन र घटनाको वास्तविकता बुझ्न नै कठीन भएको अनुमान हुन्छ ।

तल सर्वप्रथम बिस्केट् जात्रासम्बन्धी अनुश्रुतिहरूको उल्लेख गरिन्छ र त्यसपछि अर्को अंशमा तिनको विवेचना गरिनेछ ।

१) लिच्छविराजा शिवदेव द्वितीयको समयकालमा पूर्वतिरका किरातहरूबाट हमला हुँदा राजा बज्रयोगिनी (साँखुकी खड्योगिनी) को शरणमा गए । बज्रयोगिनीले राज्यका शेखर अचाजु (कर्माचार्य)[12] सित सल्लाह लिन भने र राजाले सो बमोजिम गरे । शेखरले आफू बाघ बनी अरू हजार बाघ तयार पारी राती हमला गरी किरातहरूलाई भगाए र पछि उनैले दिएका अक्षेताद्वारा राजाले बाघलाई हानेपछि बाघ बनेका अचाजु आफ्नो पूर्वरूपमा परिणत भए । अचाजुबाट खुशी भई राजाले उनलाई सिन्दूरजात्रा गरी घर फर्काइदिए । अचाजुकी श्रीमती नररूपाले आफ्ना पतिको पराक्रम थाहा पाई आफूले कहिल्यै नदेखेको अजिङ्गरको रूप हेर्ने अनुरोध गरिन् । आफ्नो अजिङ्गरको रूप हेरेपछि आफूले दिएको मन्त्र गरिएको एक मुठी अक्षेताले हान्न भनी अचाजुले पत्नीलाई भने । अजिङ्गरको रूपदेखि डराएकी नररूपा अक्षेताले हान्नु पर्ने कुरा बिर्सी भागिन् र अजिङ्गर बनेका अचाजु तिनले अक्षेताले हानीदेली भनी पछि-पछि गए । डराएर भागेकी नररूपाको पटुकी फुस्केर कस्नको लागि हातमा भएको अक्षेता मुखमा राखी खान पुगिन् र उनी पनि अजिङ्गर बनिन् । यसरी अजिङ्गर बनेको दम्पती आफ्नो पूर्वरूपमा फर्किन मन्त्रको गुह्य जानेका राजाले देखुन् भनी दरबार अगाडि पुच्छरले टेकेर उभिन पुगे । अजिङ्गरको उपस्थितिबारे राजालाई आनकारी दिंदा हेर्न नगई उनले कुनै हानि नोक्सानी नगर्न मात्र भने । फलत: अचाजु दम्पती निराश भई यसिख्यमा गई भद्रकाली पीठनेर रहेको प्वालमा गई आत्महत्या गरी मरे ।

त्यसपछि राज्यमा अनिकाल परी हाहाकार भयो र यसको कारण अजिङ्गर दम्पतीको मृत्यु हो भन्ने हल्ला चल्यो । यस्तो स्थितिमा दरबारमा सबैले राजालाई शान्ति–स्वस्ति गर्ने सल्लाह दिए । सो कामको लागि राजाले अचाजुलाई बोलाउन पठाउँदा कसैले पनि भेटाउन सकेनन् । राजा आफैं तिनको घर जाँदा घरको ढोकामा ताला नलागेको देखी भित्र जाँदा अजिङ्गर दुइवटा घस्रेर हिंडेको चिह्न देखी त्यसलाई पछ्याएर जाँदा यसिख्यको प्वालमा मृत अजिङ्गर दम्पतीको लाश देखे । चोला फेर्न जान्ने अचाजुको गुह्य बुझेका राजाले तिनलाई अचाजु दम्पती नै हो भन्ने कुरा बुझे र देशका तान्त्रिकहरूलाई बोलाउँदा पनि केही लागेन र गुरुको मृत्युमा ठूलो शोक गरे । उनै अचाजु गुरुको पराक्रम र गुणको बखान कालान्तरसम्म सबैले थाहा पाउन् भन्ने उद्देश्यले ती दुवैको लाशलाई वर्षको अन्तिम दिन (चैत्र मसान्त) यसिख्यमा लामो काठको लिङ्गोमा झुण्ड्याई नेवारीमा 'बिस्यात' भन्ने नामले जात्रा चलाए ।

२) भक्तपुरको जात्रासम्बन्धी अर्को अनुश्रुति निम्न अनुसार रहेको छ । प्रचलित दुइवटा अनुश्रुतिहरूमध्ये यसलाई हिजोआज मुख्य प्रचलित भएको र यसैमा सत्यता बुझिन्छ (मुनंकर्मी १९८४: २९२) भनी मानेको पाइन्छ ।

---

११ Culture is the man-made part of environment.

१२ कसै–कसैले अचाजुको अर्थ 'आचार्य' भनी लगाएका हुन् (जोशी १९८२: ७५–७६; मुनंकर्मी १९८४: २९२–९३) ।

परापूर्वकालमा एउटा प्रतापी राजा थिए, जो आठवटा सिंहहरूको मूर्तिले शोभायमान भएको दरबारमा बस्थे । उनले आफ्नी सुन्दरी छोरीको विवाह गरिदिने धेरै प्रयास गरे, तर दुलाहा हुने उम्मेदवार–व्यक्तिले एक रात पनि उनकी छोरीसित बिताउन नसकी अर्को दिन मरिराखेको पाए । यसैकारण उनले आफ्नी छोरीसित एक रात बिताउनसक्ने व्यक्तिसित धन–सम्पत्ति र राज्य सहित छोरीको विवाह गरिदिने उर्दी लगाए । धेरै व्यक्तिले दुलाहा हुन खोजे र ती मारिए वा मरे । मारिनु वा मर्नुको रहस्य प्रकाशमा आएको थिएन, तर मरेका व्यक्तिको लाशको विसर्जन गर्न मूर्दा राख्ने खट् र बोक्ने गुठीको बन्दोवस्तसमेत गर्नु पऱ्यो ।

एक दिन एउटा प्रतापी बलवान राजकुमारले देश बनाउन भनी घुमिरहँदा घना जङ्गलको बीचबाट खोला बगिरहेको ठाउँमा एक करुण अवस्थाकी, कपाल फुकाई जीर्ण अवस्थामा पुगेकी एउटी बूढीलाई देखे । राजकुमारले बूढीलाई यसरी एकान्त जङ्गलमा बस्नुको कारण र तिनको परिचय बुझ्न खोज्दा बूढीले राजाकी छोरीको व्यहोरा सुनाइन् र दुलाहाको उम्मेदवारलाई सुतिसकेपछि राजकुमारीका नाकका दुवै प्वालबाट एक जोडा सानो सर्प निस्केर ठूला अजिङ्गर हुने र तिनले मार्ने गरेको कुरा बताइन् । यसले गर्दा राजाले छोरीको विवाह गरिदिन जोसुकैलाई दुलाहाको उम्मेदवार बनाउन खोजेकाले भक्तपुरका बासिन्दाहरू देश छाडी भाग्न थाले[13] । भक्तपुरका बासिन्दालाई मर्नबाट जोगाउन बूढीले राजकुमारलाई यहाँबाट केही पर जाँदा पूर्वतिर एउटा खड्ग पाउने छौ र त्यसले राजकुमारीको नाकको प्वालबाट निस्कने सर्पको जोडालाई दुइटुक्रा पारी मारिदिनु र त्यसपछि राजाकी छोरीसित विवाह गरी तिम्रो भाग्य खुल्नेछ भनी बूढी अन्तर्ध्यान भइन् ।

राजकुमारले पूर्वतिर लाग्दा त्रिवेणी खोला (यसिंख्यको पश्चिमतिरबाट बगेको खोल्सो) मा बूढीले भनेअनुसार खड्ग फेला पारे र सो लिई राजाकी छोरी माग्न पुगे । दुवै दुलाहा–दुलही राती कोठामा सुत्दा दुलही निदाएको बेला एक जोडा सानो सर्प निस्की ठूलो अजिङ्गर भई राजकुमारलाई डस्न लाग्दा खड्गले दुइटुक्रा पारी काटिदिए । भोलिपल्ट साविकबमोजिम राजकुमारको लाशलाई विसर्जन गर्ने हेतुले हेर्न जाँदा उनी बाँचेको र कोठामा उनको बदलामा अजिङ्गर दम्पतीको लाश फेला पारे । यो घटनाको सत्य-तथ्य विवरण माग्दा राजकुमारले अजिङ्गर दम्पतीलाई मारेको हतियार–चुपि[14] त्रिवेणी खोलानेर 'चुपिंग' (चुपिङ्गाल) मा रहेको बताए । अजिगर दम्पतीले मर्नुभन्दाअघि राजकुमारलाई यसो भनेका थिए– तिमी बडा पुरुषार्थी रहेछौ । हामीले यस देशमा धेरै पुरुषार्थ भएका राजकुमारहरू मारिसकेका छौं र अब हामी दुवै एक ठाउँमा मर्न लाग्यौं । हामी मरेपछि हाम्रो पुरुषार्थ देखाउन निमित्त सबैले देखिने गरी जात्रा चलाइदिन अनुरोध गरे । यी सबै कुरा थाहा पाएपछि राजाले सो राजकुमारसित छोरीको विवाह गरिदिनुको साथै अजिङ्गर दम्पतीको लाशलाई दरबार भएको ठाउँ टौमढीटोलबाट खट्मा राखी जात्रा गरी यसिख्यमा लगी विसर्जन गरिदिए । राजा हुनपुगेका राजकुमारले राजदरबारमा धेरै ज्योतिषहरू भेला गरी अजिङ्गर दम्पतीको अनुरोध सुनाए । अन्त्यमा मरेका अजिङ्गर दम्पतीको लाशलाई हरेक वर्ष चैत्र मसान्तको दिन सबैले देखिने गरी लामो काठ (लिङ्गो) मा झुण्ड्याई र त्यसको २४ घण्टापछि लिङ्गोलाई ढालेर विसर्जन गराउने बन्दोवस्त गरे । यसैलाई बिस्केट् जात्रा भनिन्छ । शुरूमा अजिङ्गर दम्पतीको लाशलाई एउटा ठूलो घरमा झुण्ड्याई देखाएको भन्ने कुरा पनि सुनिन्छ[15] ।

## ५. अनुश्रुतिको विवेचना

दुवै अनुश्रुतिमा जात्राको सम्बन्धमा नाग दम्पतीको मृत्यु र लाशसित सम्बन्धित रहेको र तिनै लाशलाई सार्वजनिक

१३ लेखकले यो जानकारी भक्तपुर मूलघर भएका बनेपा निवासी विष्णुबहादुर कायस्थबाट पाएको हो ।

१४ सर्प, नाग र अजिङ्गर एउटै श्रेणीमा परे जस्तै खड्ग, तरबार ता चुपि पनि एउटै हतियारको श्रेणीमा पर्ने हुनाले अनुश्रुतिमा कतै खड्ग, कतै तरबार र कतै चुपिको उल्लेख भएको हुनसक्छ ।

१५ लेखकले यो कुरा विष्णुबहादुर कायस्थबाट सुनेको हो ।

प्रदर्शन गर्ने र प्रदर्शनस्थल एउटै रहेको आदिमा सामञ्जस्यता रहेको छ। जात्रा उत्पत्तिको घटना, समयकाल, घटनाको आरम्भस्थल (नाग दम्पतीको मृत्यु र लाश रहेको ठाउँ) आदिमा भने भिन्नता रहेको देखिन्छ। अनुश्रुतिमा पछिल्ला समय र समाजको प्रभाव पर्नगई हाल तिनको प्रारम्भिक स्वरूप कायम नरहेको देखिन्छ। दुई अनुश्रुतिमध्ये जात्राको परम्परासित पहिलोभन्दा दोस्रो मिलेको देखिन्छ- नाग दम्पतीको लाश रहेको टौमढीबाट यसिख्यमा खट्मा राखी लाश (ह्लिपत:) लाने, खड्ग वा चुपि प्राप्त भएको स्थानमा स्नान गर्ने, राजकुमारले बूढी भेटेको स्थाननेर लिङ्गो उभ्याउने जस्ता परम्परा मिल्नु आदि। माथि नै चर्चा गरियो कि पहिलो अनुश्रुतिअनुसार घटनाको समयकाल लिच्छविकालको उत्तरार्द्धतिर र दोस्रो अनुश्रुतिअनुसार आदि इतिहासकालको अनुमान हुन्छ।

अनुश्रुतिमा उल्लेख भएको नाग दम्पतीको अहं भूमिकाले ती नाग पशुजातिका नभै मानवजातिका हुनुपर्ने अनुमान हुन्छ। हुनत नेपालमा प्रकृति पूजाको रूपमा लिइने परम्परामा गाई, सूर्य, चन्द्र, वर पिपल, तुलसी, नाग आदिलाई मान्नुका अतिरिक्त काग तिहार, कुकुर तिहार, गाई तिहार, जनैपूर्णिमामा गरिने भूमि पूजामा भ्यागुतालाई अन्न दिने (नेवारीमा यसलाई 'व्याँ जा नकेगु' भनिन्छ), श्रावणशुक्ल पञ्चमीमा नागको पूजा गर्ने आदि अनेक पर्व पनि प्रचलित छन्। प्रकतिका यी वस्तु र जीव प्रागैतिहासिक मानवका विभिन्न शाखाका परिचय चिन्ह वा गणचिन्ह हुन् र यिनैको नाममा गणजाति भनी मान्ने गरिन्छ। पुराण र वंशावलीमा उल्लेख भएका नाग पशु नभई मानव रहेको सम्बन्धमा मानवको नागसित युद्ध र विवाहको प्रसङ्गले, मानवको रूप लिने, नागकन्याको शरीर आधा (माथिल्लो) मानवको र आधा पशुको हुनु आदिले प्रष्ट हुन्छ। नेपालमा मानिने नागपञ्चमी महाभारतकालका परीक्षितलाई नागकै सम्बन्धित मानवले बचाएपछि यसै विध्वंशबाट मुक्तिको सम्झनामा प्रचलनमा आएको हो भनी मानिन्छ। बुङ्मतीको मोहनचा ज्यापुको कथामा कर्कोटकले मानवको रूप लिनु, मानवले जस्तै बोल्नु, परपुरुषसंग बिग्रेकी आफ्ना पत्नीलाई मानवलाई जस्तै कपाल मुडी डाँडा कटाउनु, मत्स्येन्द्रनाथको यात्रामा देखाइने नागले दिएको रत्नजडित भोटो मानवले लगाउने खालको पाइनु, स्वस्थानी व्रतकथामा वर्णित नाग दम्पतीको मानवको पूजाको फल–प्रसादबाट उद्धार हुनु, पनौतीको जात्रामा नागहरू ससुरालीमा मेला भर्न जानु (तिसिना १९८३) आदि उल्लेखले ती नाग पशुजातिका नभै मानवजातिका रहेको कुरा प्रष्ट छ। अरू काठमाडौंको सुन्दरीजलमा सुन्दरी देवी भनी पुजिने नागिनीको शिलामूर्तिमा दुइवटा बच्चा लिएकी सुन्दर नारी मूर्तिबाट नेपाली प्रसङ्गका नाग पशुजातिका नभई मानवजातिका रहेका कुरा अझ बढी प्रष्ट हुन्छ।

माथि गरिएको चर्चाबाट बिस्केट् जात्राको कथामा उल्लेखित वा जात्रा गरिने नाग दम्पती पनि पशुजातिको नभई सम्भवत: आदि इतिहासकालीन मानवजातिका वा नागगणचिन्ह रहेका मानव जाति रहेको अनुमान हुन्छ। अनुश्रुतिमा उल्लेख भएका-विवाह हुनुअघि नै दुलही हुनेसित दुलाहाको उम्मेदवार व्यक्तिलाई राती संगै सुत्न पठाउनु, राजाको उल्लेख भए तापनि घटनाको मुख्य पात्र नारी रहनु, बूढीको भनाइअनुसार खड्ग[16] प्राप्त हुनु आदि उल्लेखले घटना ऐतिहासिक कालभन्दा अघिको हुनुपर्ने अनुमान मिल्ने देखिन्छ। यस अनुमानले दुई अनुश्रुतिमध्ये सबैभन्दा मिलेको देखिने दोस्रो अनुश्रुतिको रूप अर्कै हुनुपर्ने देखिन्छ र यी पंक्तिका लेखकको रायमा यसको स्वरूप निम्नानुसार हुनुपर्ने अनुमान हुन्छ।

अनुश्रुतिमा उल्लेख भएको राजकुमारी राजाकी छोरी नभई भक्तपुरका नागजातिका नायिका वा तिनकी छोरी हुन्। नागजातिभित्र सम्भवत: आन्तरिक संघर्ष भएको हुनसक्छ, जसमा मारिएका नाग दम्पती एउटा पक्षको र राजकुमारलाई दुलाहा मर्नुको रहस्य र खड्गबारे बताउने बूढी अर्को पक्ष, जो पहिलाको विरोधी रहेको होस्, का हुन्। नागजातिका नायिकासित विवाह गर्न पुगेका व्यक्तिको समूह या त भक्तपुर वरपरकै कुनै

१६. खड्ग नामक हतियार देवीहरूमध्येकी कालीको प्रमुख हतियार हो।

ठाउँको नयाँ वा भिन्न जातिका या नागजातिकै पितृप्रधान समाजको पक्षपाती समूह हुनसक्छ । यसरी दुई भिन्न समूहका बीच संघर्ष भई एउटा पक्षले राजकुमारीसित मिली अर्को पक्षका विरुद्ध प्रतिरोध–संघर्ष चलाएको हुनुपर्छ । यस प्रतिरोधलाई सम्भवतः अर्को पक्षका बूढीले नयाँ जाति वा विजेता समूहको एउटा पुरुष नायक (कथाका राजकुमार) लाई पहिलो पक्षका गोप्य कुराको सूचना एवं हतियार–खड्गसमेत उपलब्ध गराई पहिलो पक्षलाई पराजित गरेको हुनुपर्छ । नयाँ जातिका राजकुमारले समाजको हुँकम प्राप्त गरेपछि नागजातिले पुनः प्रतिरोध संघर्ष चलाउने साहस नगरुन् भनी आतङ्कित पार्न विद्रोहीको गति यस्तै मृत्यु हुन्छ भनी सार्वजनिक प्रदर्शन गरेको हुनसक्ने अनुमान हुन्छ ।

नेपालमा नागजातिका मानव वा नाग गणचिन्ह भएका मानव जातिको अस्तित्वको सम्भावनाबारे माथि अलि चर्चा गरियो । खोज र अनुसन्धान गर्दै जाने हो भने नागजातिको अस्तित्वका थुप्रै प्रमाणहरू भेटिनेछन् । सम्भवतः काठमाडौं उपत्यकाका विभिन्न देवीहरूको रथयात्रा र कतिपय नृत्यहरू पनि भक्तपुरको बिस्केट् जात्राजस्तै नागजातिसित सम्बन्धित रहेको र तिनको उत्पत्ति–स्रोत प्राग् इतिहास वा आदि इतिहासकालका हुनसक्ने सम्भावना रहेको अनुमान गर्न सकिन्छ । काठमाडौं उपत्यका र वरिपरिका स्थानहरूमा रहेका देव–देवीहरूसित नागको सम्बन्ध रहेको (खड्गयोगिनी, ब्रह्मायणी र पशुपति–वासुकी, चण्डेश्वरी–मीः नाग, मत्स्येन्द्रनाथ कर्कोटक आदि) र कतिपय रथयात्रा र नाच (पनौतीको ब्रह्मायणी, बनेपाको चण्डेश्वरी, साँखुको खड्गयोगिनी, ठिमी बोडेको नीलबाराही, पाटनको मत्स्येन्द्रनाथ र कार्तिक नाच, हरिसिद्धिको नृत्य आदि) मा प्रागैतिहासिक वा आदि इतिहासकालीन अवशेषहरू रहेको प्रमाणहरू पाइएका छन् । सतुंगलको विष्णुदेवी र वरपरका देवीहरूको सामूहिक रथयात्रा, चपलि (बूढानीलकण्ठ–टोखा) र काठमाडौंका भद्रकालीहरूको सामूहिक रथयात्रा आदि परम्पराले समाजको मातृप्रधान-कालको अवस्थाबारे र भक्तपुरको बिस्केट् जात्रा, साँखुको नवराज (स्वस्थानी व्रतकथा) को कथाले मातृप्रधान स्वरूपको समाजको अवस्थाबारे बुझ्न मद्दत मिल्ने देखिन्छ । बनेपाको चण्डेश्वरीको रथयात्रासम्बन्धी अनुश्रुतिहरू र १२ वर्षको १ पटक काठमाडौंको नरदेवीको श्वेतकालीबाट बनेपा लाने छायाँ नृत्यले मातृप्रधान स्वरूपबाट पितृप्रधान स्वरूपको समाजमा संक्रमण हुनलागेको अवस्थाबारे र पनौतीको ब्रह्मायणीको रथ-यात्राले स्वच्छन्द यौन–सम्बन्धमा बन्देज लागी अन्तर्पुस्ता बीचको यौन–सम्बन्धलाई वर्जित तुल्याएको र समाजको स्वरूप आफै मातृप्रधान रहेको हुनसक्ने सम्बन्धमा प्रकाश पारेको अनुमान हुन्छ ।

## ६. उपसंहार

नेपालका चाड–पर्व र जात्राहरूमा तत्कालीन समाजको स्वरूप प्रष्ट रूपमा झल्किएको पाइन्छ । यिनीहरूको अध्ययन र अनुसन्धान वैज्ञानिक दृष्टिकोणको आधारमा हुनसकेको खण्डमा सामाजिक तथा सांस्कृतिक विकाससम्बन्धी नेपालको लुप्त–प्रायः रहेको प्राग् र आदि इतिहास प्रकाशमा आउनसक्ने सम्भावना रहेको छ । वैज्ञानिक मान्यताको आधारमा विश्लेषण र विवेचना गर्न खोज्दा नैतिक मान्यता वा परम्परामा पाइने प्रामाणिक हुनसक्ने कतिपय कुरालाई हामीले धार्मिक आवरण रहेको आशंकाको चश्मा लगाई हेर्नपुग्ने सम्भावनाबारे सधैं सजग र सतर्क रहनु पर्ने हुन्छ । हामीकहाँ कैयौं यस्ता जात्रा र नृत्य–परम्परा प्रचलनमा रहेकाछन्, जसमा यौनजन्य विवरण, प्रणय–प्रसङ्ग (चण्डेश्वरीको रथयात्रा) र प्रत्यक्ष यौन–संसर्ग (पनौतीको र असनको रथयात्रा) को स्पष्ट प्रमाण पाइन्छ । संसर्गरत जलहरि (स्त्री योनि) सहितको शिवलिङ्ग (संसर्गरत योनिहरूको सुन्दर र स्पष्ट नमूना) को पूजा–आराधनाको साथै भैरवको लिङ्गलाई सन्तान नभएको स्त्रीले आफ्नो गुप्ताङ्गमा छुवाउने वा ढोग्ने (पशुपति), सन्तान नभएको स्त्रीको स्तनमा नवदुर्गामध्ये श्वेत भैरवको हातले छुन दिने (धूलिखेल, हाल यो परम्परा समाप्त प्रायः रहेको छ), सन्तान नभएका र मासिक धर्म गडबड भएका स्त्रीले गोठाला देवता भनी मानिने शिलामूर्तिलाई अङ्कमाल गरी संसर्गको अभियन गर्ने (बनेपा), जस्ता यौनजन्य अनेक परम्पराहरू

प्रचलित छन् । यस्ता परम्परा आदिवासी जनजातिमा बढी रहेका हुन्छन्, जसको खोज र अनुसन्धान गर्नु जरूरी हुन आएकोछ । यसबाट प्रागैतिहासिक वा आदि इतिहासकालीन समाजबारे धेरै कुराहरू थाहा पाउन सकिन्छ ।

भक्तपुरको बिस्केट् जात्राबारे माथिकै उद्देश्य र आवश्यकतालाई ध्यानमा राखी सम्भाव्यता अध्ययनको रूपमा प्रस्तुत लेखमा चर्चा गरिएको छ । यस लेखले कम से कम बिस्केट् जात्रामा रहेका हुनसक्ने ऐतिहासिक कालपूर्वकको समाज र तत्कालीन स्थितिबारे थोरै भए पनि जानकारी प्राप्त भई नेपालको प्राग् एवं आदि इतिहासको सम्बन्धमा भविष्यमा गरिने खोज र अनुसन्धान-कार्यलाई मद्दत पुग्नसक्ने छ । यस्तो प्रयास गर्दा हाम्रो समाजमा रहेको धार्मिक भावना र नैतिक मूल्य र मान्यतामाथि आघात पर्नसक्ने आशङ्का विचलित हुनु सर्वथा उचित हुँदैन; किनभने सम्पूर्ण विश्व र जीव जगत्लाई ब्रह्माजीको सुन्दर सृष्टिको परिकल्पनालाई विश्वास गर्दै आएकोमा नेपालमा १९६०–६१ देखि यताका सर्वेक्षण-अध्ययन अनुसन्धानबाट १ करोड वर्षभन्दा-अधिका मानवका सम्भावित पुर्खा जीव–रामनरवानर र लाखौं वर्षअघिका प्राग् मानवका अवशेषहरू पाइएबाट हाम्रो विश्वास सही नरहेको कुरा प्रष्ट भैसकेको छ । विद्वत्वर्ग र विज्ञ पाठकवर्गबाट बिस्केट् जात्रालगायत देशका अन्य चाड–पर्व, जात्रा र अनुश्रुतिहरूबारे वैज्ञानिक दृष्टिकोणको आधारमा चर्चा-परिचर्चा हुने आशा र विश्वास गरौं ।

## सन्दर्भ तथा सहायक ग्रन्थ-सूची


१. जोशी, हरिराम– 'दि नाग ट्राइब्स्', रोलम्बा, ललितपुर, जोशी रिसर्च इन्स्टिच्यूट्, वर्ष ३ अङ्क १, १९८३ (पृष्ठ १४–२१) ।

२. जोशी, सत्यमोहन– नेपाली चाड–पर्व, काठमाडौं, ने. रा. प्र. प्र., १९८२ (वि. सं. २०३९) ।

३. तिसिना, मातृकाप्रसाद– 'नाग-दह पोखरीको किनाराका बस्ती', बन्दना (साहित्यिक त्रैमासिक), काठमाडौं, १९८३ (वि. सं २०४०) ।

४. नेपाल, गिरीश– 'अ पीपुल्स् इन्टु आवर पास्ट्', रोलम्बा, पूर्वोक्त प्रकाशन र स्थान, वर्ष २ अङ्क २, ३, ४ र वर्ष ३ अङ्क १, १९८२–८३ ।

५. प्रधान, केदारनाथन– नेपाली इतिहास लेखनबारे, बनेपा, प्रधान प्रकाशन, १९८५ (वि. सं. २०४२) ।

६. ---- 'नेपालको प्राग् इतिहासका स्रोतहरू', वर्तमान नेपाल, काठमाडौं, डि. आर. खनाल, वर्ष ३ अङ्क ४, १९८७ (वि. सं. २०४४; पृष्ठ १–११) ।

७. ---- 'आदि मानवको उद्गम र उद्गमस्थल', प्राचीन नेपाल, काठमाडौं, श्री ५ को सरकार, पुरातत्त्व विभाग, संख्या १०६–१०७, १९८८ ।

८. ---- नौलो नेपाल परिचय, काठमाडौं, रत्न पुस्तक भण्डार, १९८९ ।

९. ---- नेपालको नागदह र नेपाली नागजाति (अप्रकाशित) ।

१०. भण्डारी, दुण्डिराज– नेपालको आलोचनात्मक इतिहास, बनारस, कृष्णकुमारी देवी, १९७० ।

११. मल्ल, माला– 'शक्तिपीठको सन्दर्भमा चपली भद्रकाली', गरिमा, काठमाडौं, साझा प्रकाशन, वर्ष ७ अङ्क ३, १९८९ (वि. सं. २०४५; पृष्ठ ५३–५९) ।

१२. मुनंकर्मी, लीलाभक्त– नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, भक्तपुर, श्रीमती भवानीकेशरी मुनंकर्मी, १९८४ (वि. सं. २०४१) ।

१३. रेग्मी, वेदनाथ– 'काठमाडौं उपत्यकाका अष्टमातृका नृत्यहरू', गरिमा, पूर्वोक्त प्रकाशन र स्थान, वर्ष ४ अङ्क १२, १९८६ (वि. सं. २०४३; पृष्ठ ३०–४४) ।

१४. रेग्मी, डिल्लीरमण– मेडियभल नेपाल, भाग २, कलकत्ता, के. एल. मुखोपाध्याय, १९६६ ।

१५. शर्मा, बालचन्द्र– नेपालको ऐतिहासिक रूपरेखा, बनारस, कृष्णकुमारी देवी, १९५१ ।

१६. श्रेष्ठ, पुष्पलाल– 'नेपालमा मातृसत्तात्मक समाज', नेपालपत्र (समीक्षात्मक सामयिक सङ्कलन), काठमाडौं, एकराज पाँडे समेत, सङ्कलन ७ (पुष्पलाल स्मृति अङ्क), १९८२ (वि. सं. २०३९; पृष्ठ ३–११) ।

१७. हर्सकोविज्, एम्. जे.– कल्चरल् एन्थ्रोपोलोजी, न्यू दिल्ली, अक्स्फोर्ड एेन्ड् आई. बि. एच. पब्लिशिङ्ग कं., १९७४ ।

१८. ज्ञवाली, सूर्यविक्रम– नेपाल उपत्यकाको मल्ल-कालीन इतिहास, काठमाडौं, ने. रा. प्र. प्र., १९६२ ।